# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।१०।२१ (सम्बृद्ध समाज दैनिक)

यस बकैया गाउँपालिकामा तपशिल बमोजिका पदहरुमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति देखी १५ (पन्ध्र) दिनभित्र र सो दिन विदा परेमा सो को भोलि पल्ट कार्यालय खुलेको समयमा गाउँपालिकाबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी रितपूर्वकको आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| बिज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ६/२०७५।०७६ | सर्वेक्षक/पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस एल सी वा सो सरह उर्तिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा ३ वर्षे प्रमाणपत्र तह सरहको डिप्लोमा उतिर्ण वा विज्ञान (भौतिक विज्ञान समुह) वा भुगोल विषय लिई प्रमाणपत्र तह उतिर्ण गरी कम्तिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको | |
| ७/२०७५।०७६ | अमिन/चौथो | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस एल सी वा सो सरह उतिर्ण गरी सर्भे वा जियामेटिक्स विषयमा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको। | |

**आवश्यक कागजातहरु** :

- नेपाली नागरिकताको प्रमाणपत्र।
- शैक्षिक योग्यताको प्रमाणपत्र।
- तालिम तथा अनुभव सम्बन्धी कागजातहरु।

**पदपुर्ति गर्ने प्रक्रिया** : नियमानुसार।
**उमेर :** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)।
**दरखास्त शुल्क रु** :रु ५०० (पाँच सय) मात्र।
**काम गर्नुपर्ने सेवा क्षेत्र** : सूचनामा उल्लेख भए बमोजिम वा आवश्यकता अनुसार गाउँपालिका क्षेत्र भित्र
**फाराम बुझाउने स्थान** : बकैया गाउँकार्यपालिकाको कार्यालय।
**तलब भत्ता तथा अन्य सुविधा** : सम्बन्धित पदको लागि नेपाल सरकारले तोकेको शुरु स्केल बमोजिम।

माथी उल्लेखित योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले दरखास्त निवेदनका साथ आफ्नो व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता एवं अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरुको साथमा आवेदन शुल्क रु. ५०० (पाँच सय) यस कार्यालयको नेपाल बैङ्क लिमिटेड हेटौडा शाखामा रहेको सँचित कोष खाता ( ०२५०३०००००००४००१००७) मा जम्मा गरी उक्त भौचर संलग्न राखी वा कार्यालयमा स्वयं उपस्थित भई रु ५०० को रसिद काटी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन दर्ता गराउनु पर्नेछ।
**द्रष्टव्य :** रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र छोटो सूची (short list) मा समावेश गर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत